# बार्षिक समिक्षा कार्यक्रमको प्रतिवेदन : २०७२

**पृष्ठभूमि तथा अवस्था :**

स्थानीय स्वायक्त शासन ऐन २०५५ले स्थानीय निकायहरुलाई स्यात्तता प्रदान गरेको छ । यस ऐन अन्तरगत बिकेन्द्रीकरण नीति कार्यान्वयन भई नागरीक वा सेवा ग्राहीले स्थानीय स्तर वा घर दैलोबाटै स्थानीय निकायले सञ्चालन गरेका हरेक गतिबिधिहरु जानकारी पाउने ब्यवस्थाको परिकल्पना गरेको छ । यसै परिप्रेक्षमा नेपाल सरकार  संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयले स्थानीय निकाय सार्बजनिक सुनुवाई कार्यबिधि २०६७ र न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको कार्यबिधि तयार गरी नागरिक सुशासनको बिषयमा बिशेष जोड दिएको छ । स्थानीय स्वायत्त साशसन ऐनको निर्दिष्ट नीति बमोजिम स्थानीय निकायमा रहेका नागरिक एवं उपभोक्ताहरुलाई स्थानीय निकायहरुले गरेका हरेक गतिविधिहरुको बिभिन्न प्रकृया र माध्ययमबाट सरल र सहज रुपले यर्थाथ जानकारी गराउने बिभिन्न उपाउहरुको राज्यले अवलम्वन गरेको छ । यी विभिन्न प्रकृयाहरु मध्य बार्षिक समिक्षा एक महत्वपूर्ण बिषय हो ।

**उद्देश्य :** स्थानीय निकायबाट सञ्चालित बिकास कार्यक्रम,उपलब्ध सेवा,बस्तु र सुबिधा सार्बजनिक गरी त्यस्ता बिषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन गरिने समिक्षा गर्ने कार्य प्रक्रियालाई मार्गदर्शन गर्नु यस कार्यविधिको उद्देश्य रहेकोछ ।

**कृयाकलाव :**

तुलसीपुर नगरपालिकाले आफुले गरेका आर्थिक बर्ष २०७१। ०७२ मा कार्यालयबाट सम्पादन भएका कार्यहरुका अतिरिक्त बिकास निमार्ण माथि उल्लेखित कार्यविधिको उद्देश्य बमोजिमका गतिबिधिहरुलाई नागरीक सामु पारदर्शि  तवरले सार्वजनिक गर्ने अभिप्रयाले  बार्षिक समिक्षा कार्याक्रम मिति २०७२।६।१३ गतेका दिन बिकेन्द्रीकरणको भावनानुरुप वडावासीको चाहाना,आवश्यक्ता र समस्या बुझ्ने गरी तुलसीपुर नगर पालिकाको सभाकक्षमा सम्पन्न भयो । बिभिन्न क्षेत्रका ४३ जना सहभागिहरु रहेको उक्त कार्यक्रममा विभिन्न जातजाती,भाषा , लिङ्ग र बर्णका ब्यक्तिहरुको सहभागितामा बिभिन्न क्षेत्रमा सुझाव तथा जिज्ञाशा राखेको पाईयो । जसमा :

- बजार ब्यवस्थापनलाई  प्रभावकारी बनाउनु पर्ने ।
- ऐलानीमा बसेका मानिसलाई समेत बिद्युत,धाराको सिफारिस दिनु पर्ने ।

- सामाजिक सुरक्षा भत्ता बैंकबाटै बुझ्ने व्यवस्था हुनु परयो ।
- बिद्युत,सडकको राम्रो प्रबन्ध गरिदिनु पर्ने ।
- शिक्षा सवास्थ्य र प्रहरी चौकीको भौतिक पुर्बाधार बिकासमा नगरपालिकाले ध्यान दिनु पर्ने
- नगरपालिका कार्यालय टाढा भएकोले वडाबाटै कर बुझ्ने व्यवस्था मिलाउनु पर्ने ।

अध्यक्षता : श्री डिल्लीराज बेल्बासे(कार्यकारी अधिकृत)

प्रमुख अतिथि(जवाफदेहि ब्यक्ति) : श्री डिल्लीराज बेल्बासे( कार्यकारी अधिकृत)

प्रशासकिय अधिकृत : श्री  धन बहादुर केसी (ईलाका प्रशासन कार्यालय प्रमुख)

शहरी शासन बिज्ञ : श्री  टिकाराम रेग्मी (नागरीक समाज दाङ्ग संयोजक)

सहजीकरण : श्री झरेन्द्र खरेल(एमसिपिएम फोकल पर्सन)

संचालन समय : अपरान्ह : १२.०० बजे

समापना : बेलुका ४.३० बजे

जम्मा उपस्थिति संख्या : ४३

महिला : ७

पुरुष : ३६